# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/७८

चलानी नं. :-

मितिः २०७७।०४।२६

## सूचना !  सूचना !!  सूचना !!!

विश्व्यापी महामारीको रुपमा फैलिएको कोभिड -१९ (कोरोना भाइरस) नियन्त्रणको लागि गरिएको लक डाउन हटाईए पनि अहिले यसको जोखिम नहटिसकेको र नेपाल सरकारले पनि चार्डपर्वहरु मनाउनको लागि निर्देशिका जारी गरेको छ । हाल नेपाली महिलाहरुको महान चाड हरितालिका तिज लगायतका पर्वहरु नजिकिदै गरेको अवस्थामा सामुहिक दर खाने, विभिन्न मेला, महोत्सव, खेलकुद लगायतका भिडभाड हुने कृयाकलापहरु नेपाल सरकारले जारी गरेको निर्देशिका तथा विहादी गाउँकार्यपालिकाको निर्णयानुसार रोक लगाइएको हुँदा हरितालिका तिज लगायतका पर्वहरुमा यस विहादी गाउँपालिका अन्तर्गतका विभिन्न ठाउँहरुमा कुनै पनि किसिमका मेला महोत्सव, खेलकुद लगायत मानिसहरुको भिडभाड हुने कुनै पनि कार्य नगर्नु, नगराउनुहुन साथै चाडबाड मनाउने कार्यलाई आफ्नो घरपरिवारमा मात्र सिमित राखि महामारी नियन्त्रणमा सहयोग गर्नुहुन विहादी गाउँपालिका सम्बन्धित सवैमा हार्दिक अनुरोध गर्दछ ।

कर्मल प्रसाद भुसाल
अध्यक्ष

Website:- www.bihadimun.gov.np, Email:- bihadi.ruralmun@gmail.com